यो आकाशवाणी हो ।

समाचार तुलसा शर्माबाट सुन्नुहोस।

मुख्य समाचार

- प्रधानमन्त्रीले स्वर्गीय बालासाहेब ठाकरेको पुण्यतिथिमा अर्पण गर्नुभयोश्रद्धान्जली
- दिल्लीका मन्त्री र आम आदमी पार्टीका नेताले पार्टीबाट दिनुभयो राजीनामा
- भारतीय रिजर्व bank –को ग्राहक सेवालाई मिल्यो धमकी
- श्रीलंका मन्त्रीमण्डल शपथ ग्रहण समारोह भोली राष्ट्रपति सचिवालयमा हुने, अनि
- एन.डी.ए सरकारले पछिलो दस वर्षमा कल्याणकारी योजना शुरू गरेको केन्द्रीय मन्त्रीको भनाई

## 27 प्रधानमन्त्री-बालासाहेब ठाकरे

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले स्वर्गीय बालासाहेब ठाकरेको पुण्यतिथिमा उहाँलाई श्रद्धान्जली अर्पण गर्नुभयो। आफ्नो सन्देशमा श्री मोदीले भन्नुभयो , उहाँ एक विचारक हुनुहुनथ्यो, जसले महाराष्ट्रको विकासमा अग्रणी भूमिका निभाउनु भयो र मराठी मानिसलाई सशक्त बनाउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो , स्वर्गीय बालासाहेब ठाकरेको निडर अन्दाज र अटूट समर्पण भावनाले आउने पीढीलाई प्रेरित गरीरहनेछ।

## पुन संशो कैलाश गहलोतको राजीनामा

दिल्लीका मन्त्री र आम आदमी पार्टीका नेता **श्री कैलाश गहलोतले** पार्टीबाट राजीनामा दिनुभएको छ । आप संयोजक श्री अरविन्द केजरीवाललाई लेखिएको आफ्नो राजीनामा-मा श्री गहलोतले भन्नुभएको छ, पार्टीले आज गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ। उहाँले आरोप लगाउनुभयो , राजनीतिक महत्वाकाङ्क्षा मानिस प्रति पार्टीको प्रतिबद्धता भन्दा अघि

निक्लेको छ, जसका कारण केही बचन  अधूरा रहेका छन् । मीडियासंग कुरा गर्दै दिल्ली भाजपा प्रमुख **श्री वीरेन्द्र सचदेवाले** आप नेताको राजीमानालाई साहसी पाइला बताउनुभयो भने आप सांसद **श्री संजय सिंहले श्री कैलाश गहलोतको** राजीनामा भाजपाको  षड्यन्त्रको हिस्सा हो भनेर आरोप लगाउनु भयो ।

## 16 मुम्बई- भारतीय रिजर्व बैंक – बमको धमकी

भारतीय रिजर्व bank –को ग्राहक सेवालाई बमको धमकी मिलेको छ । कल गर्नेले आतङ्की समूहले लश्कर-ए-तैयबा-को सी.ई.ओ हुने  दावी गरेको छ । यो धमकीको सूचना तुरन्तै अधिकारीलाई दिइयो । मुम्बई पुलिसले यसलाई एउटा झूठो मामीला मानेको छ भने मामिला दर्ता गरिएको छ र घटनाको जाँच भइरहेको छ । कल गर्नेले कथित रूपमा भारतीय रिजर्व ब्याङ्कमा बमद्वारा हमला गर्ने धमकी दिएको  थियो । बान्द्रा स्थित भारतीय रिजर्व ब्याङ्क-को कार्यालयलाई केही समयका लागि हाई अलर्टमा रखिएको थियो । मुम्बई पुलिसले पुष्टि गरेको छ , यस प्रकारको झूठो धमकीहरू दुख दिने प्रवृत्तिको भाग हो । हालैमा  यस प्रकारको घटनाको सूचना मिलेको छ, जसमा शहरका प्रमुख अभिनेताहरू र हवाई अड्डालाई दिएको धमकीहरू शामेल छ । अधिकारी कलको उत्पत्तिको पता लगाउने र यी झूठा धमकीहरूका लागि जिम्मेबार मानिसको पहिचान गर्नका लागि काम गरिरहेको छ ।

## 12 श्रीलंका-शपथ ग्रहण समारोह

श्रीलंकामा सरकारले नयाँ मन्त्रीमण्डलको शपथ ग्रहण समारोह राष्ट्रपति **श्री अनुरा कुमारा दिसानायके**-को उपस्थितिमा भोली राष्ट्रपति सचिवालयमा गर्नेछ । स्थानीय मीडिया रिपोट

अनुसार राष्ट्रपतिको तेइस सदस्यीय मन्त्रीमण्डल नियुक्त गर्ने योजना छ। जसमा रक्षा र वित्त विभागलाई उहाँको नेतृत्वमा राखीने छ। **डा. हरिनी अमरसूर्या** प्रधानमन्त्री र श्री **विजिथा हेरथ** विदेश मन्त्री बनी रहनुहुनेछ। सत्तारूण **नेशनल पीपुल्स पावर** गठबन्धनले संसदीय चुनावमा दुई सय पचीसमा एक सय उनन्साठी सीट जीतेको छ। पहलो सितम्बरमा एन.पी.पी नेता श्री अनुरा कुमारा दिसानायके-ले भ्रष्टाचार रोधी र आर्थिक सुधार अभियानका बलमा राष्ट्रपति चुनाव जित्नुभयो।

## जनजातीय गौरव पखवाड़ा-शिक्षा

भगवान बिरसा मुन्डाको सम्पदालाई याद गर्नका लागि देश भरीको शैक्षणिक संस्थानद्वारा जनजातीय गौरव **पखवाड़ा** मनाइदैछ। देश भरीमा मनाइने यो उत्सवले भारतको समृद्ध आदिवासी सम्पदा र आदिवासी समुदायको योगदानलाई सम्मान गर्छ। यो **पखवाड़ाले** भावी पीढ़ीलाई उहाँको बलिदानलाई स्वीकार गर्न र उहाँको सांस्कृतिक प्रथा र कलात्मक अभिव्यक्तिको संरक्षणलाई प्रोत्साहित गर्नेछ। हाम्रा संवाददाताले बताए अनुसार सरकारले आदिवासी समुदायको विकास र उत्थानका लागि केही योजना शुरू गरेको छ।

## जोड महाराष्ट्र अभियान

भारतीय जनता पार्टीका वरिष्ठ नेता र केन्द्रीय मन्त्री **श्री नितिन गडकरीले** नासिकको **सटाणा-मा** चुनावी सभामा भन्नुभयो , एनडीए सरकारले पछिलो दस वर्षमा गाउँ, वन्चीत, श्रमिक र किसानका लागि कल्याणकारी योजना शुरू गरेको छ। महाराष्टका उप मुख्यमन्त्री श्री Devendra Fadnavis- ले नागपुरमा रेली गर्नुभयो। अर्को तर्फ एन.सी.पी-एस.पी प्रमुख श्री शरद पवारले सोलहापुर-मा भन्नुभयो इण्डिया गठबन्धन देशमा सत्तामा आउन सकेन तर

महाराष्ट्रमा अठचालिस - मा एकतीस सीट जित्यो । उहाँले भन्नुभयो, यसले गठबन्धनको महाराष्ट्रको जनताको केही मुद्दाको समाधान गर्नमा प्रोत्साहन मिलेको छ। शिवसेना-यू.बी.टी प्रमुख **श्री उद्धव ठाकरेले** सताराको पाटनमा एउटा रेलीलाई सम्बोधित गर्नुभयो।

**भारत-सीओपी-29**

भारतले अजर बैजानको बाकूमा कोप अनतीस –मा जलवायु वित्त र न्यूनीकरण कार्यक्रममा शामेल हुनका लागि विकसित देशको अनिच्छामा असन्तोष व्यक्त गऱ्यो। भारतले हिजो शर्म अल-शेख न्यूनीकरण महत्वाकाङ्क्षा र कार्यान्वयन कार्यक्रम सम्बन्धी कार्यसूची बारे सहायक निकायको समापन बैठकमा वक्तव्य दियो । विकसित देशले कप अठाइसमा ग्लोबल stocktake-ले न्यूनीकरण प्यारे ग्राफलाई महत्वाकाङ्क्षा र कार्यान्वयन कार्यक्रममा शामेल गर्न भनेको थिय़ो जो पहिला भएको सहमतिको विपरीत छ। भारतले सप्ताहमा कोप उनतीसको प्रगतिमा गम्भीर चिन्ता व्यक्त गरेको छ ।एउटा वक्तव्यमा भारतले भनेको छ, विकासशील देशका लागि महत्वपूर्ण मामिलामा केही प्रगति देखीएको छैन । वक्तव्यमा भनिएको छ , विकासशील देशले जलवायु परिवर्तनका केही सबैभन्दा नराम्रो प्रभावको सामना गरिरहेको छ, जसका लागि विकासशील देश स्वयं जिम्मेवार छैन। यी देशमा ती प्रभावलाई पार गर्ने र जलवायु प्रणालीमा परिवर्तन अनुकूल ढल्ने क्षमता कम छ।

**टीडीएमएम-भारतीय समुंद्री क्षेत्र**

अस्ट्रेलिया, जापान र अमरीकाले हिन्द प्रशान्त क्षेत्रमा भारतको समुद्री रेखदेखको प्रयासलाई समर्थन गर्ने प्रतिबद्धता दोहराएको छ। अस्ट्रेलियाका उप प्रधानमन्त्री र रक्षा मन्त्री **श्री रिचर्ड मार्ल्स**, जापानका रक्षा मन्त्री श्री **नाकातानी जेन** र अमरीकाका रक्षा सचिव श्री Lloyd

Austin –ले आज अस्ट्रेलियाको **डार्विनमा** चौथो त्रिपक्षीय रक्षा बैठक गर्नुभयो । रक्षा मन्त्रीहरूले बैठक पछि जारी एउटा वक्तव्यमा वर्ष दुई हजार पच्चिस देखी हिन्द प्रशान्त क्षेत्रमा अस्ट्रेलिया-जापान-भारत र अमरीका द्वारा समुद्री डोमेन जागरूकतालाई बढाउने प्रतिबद्धता दिखाउनु भयो। उहाँले समुद्री रेखदेखमा नजिक सहयोगमा भारतको अग्रणी भूमिकालाई पनि स्वीकार गर्नुभयो। हिन्द प्रशान्त क्षेत्रमा भारतको रेखदेख प्रयास समुद्री डोमेन जागरूकताको ढाँचा विकसित गर्दै नौसेना र समुद्री सुरक्षालाई बलियो गर्नमा केन्द्रित छ।

**दिल्ली-प्रदूषण**

दिल्ली-राष्ट्रीय राजधानी क्षेत्रमा वायु गुणवत्ताको स्तर गम्भीर श्रेणीमा छ। आज साँझ पाँच बजी वायु गुणवत्ता सूचकाङ्क – A.Q. I चार सय सैतालीस दर्ता गरिएको छ। केन्द्रीय प्रदूषण नियन्त्रण बोर्ड अनुसार, दिल्लीको शादीपुरमा चार सय अठसट्ठी, इन्दिरा गांधी अंतर्राष्ट्रीय हवाई अड्डामा चार सय सतसट्ठी, पंजाबी बागमा चार सय सन्ताउन्न, नेहरू नगरमा चार सय त्रिपन्न, वजीरपुरमा चार सय अठसट्ठी र आई.टी.ओ-मा चार सय उन्चास A.Q. I दर्ता गरिएको छ।

**मुख्य समाचार फेरी एकपल्ट**

- प्रधानमन्त्रीले स्वर्गीय बालासाहेब ठाकरेको पुण्यतिथिमा अर्पण गर्नुभयोश्रद्धान्जली
- दिल्लीका मन्त्री र आम आदमी पार्टीका नेताले पार्टीबाट दिनुभयो राजीनामा
- भारतीय रिजर्व bank –को ग्राहक सेवालाई मिल्यो धमकी
- श्रीलंका मन्त्रीमण्डल शपथ ग्रहण समारोह भोली राष्ट्रपति सचिवालयमा हुने, अनि

- एनडीए सरकारले पछिलो दस वर्षमा कल्याणकारी योजना शुरू गरेको केन्द्रीय मन्त्रीको भनाई